सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३५६ ♦ २०८३ साल असोज १ विहिवार ♦ 17 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# औरही नगर प्रमुखकै कार्यकक्षमा हातपातको प्रयास, तीन जना पक्राउ

## दोषीलाई कार्वाहीको माग गर्दै पालिकाको अत्यावश्यक बाहेक सेवा बन्द

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ १ गते, महोत्तरी**




महोत्तरीको औरही नगर पालिकाका नगर प्रमुख प्रदीपकुमार खड्कामाथि आफ्नै कार्यकक्षमा हातपातको प्रयास भएको घटनामा संलग्न भएको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। विद्युत् ट्रान्सफर्मर जडानको विषयमा छलफल गर्न भन्दै नगरपालिका कार्यालय पुगेको समूहले नगर प्रमुखको कार्यकक्षमै हुलहुज्जत गर्नुका साथै जनप्रतिनिधि र कर्मचारीमाथि अभद्र व्यवहार गरेको र कार्यालयमा तोडफोड गरेको नगरपालिकाले जनाएको छ।

बुधबार बिहान करिब ११:३० बजे औरही नगरपालिका-८ टिम्कियाबाट आएको समूह नगर पालिका कार्यालयमा प्रवेश गरेको थियो। नगर प्रमुख खड्काका अनुसार नेपाल विद्युत् प्राधिकरणसँग ट्रान्सफर्मर जडानका लागि नगरपालिकाले यसअघि नै पत्राचार तथा समन्वय गरिसकेको थियो। किसानलाई सहज हुने उपयुक्त स्थानमा ट्रान्सफर्मर जडान गर्ने विषयमा छलफल भइरहेका बेला समूहले कार्यालयमै आएर विवाद र हुलहुज्जत गरेको उहाँको भनाइ छ।

"ट्रान्सफर्मर जडानका लागि सम्बन्धित निकायसँग समन्वय भइसकेको थियो। उपयुक्त स्थान छनोट गरेर काम अघि बढाउने विषयमा जानकारी गराउँदा पनि समूहले कार्यालयमै आएर तोडफोड र हातपातको प्रयास गऱ्यो," नगर प्रमुख खड्काले भन्नुभयो।

नगरपालिकाका अनुसार घटनाका क्रममा नगर प्रमुखको कार्यकक्षमै हातपातको प्रयास हुनुका साथै अन्य जनप्रतिनिधि र कर्मचारीलाई गालीगलौज तथा दुर्व्यवहार गरिएको थियो। कार्यालय परिसरमा रहेका भौतिक संरचनामा समेत क्षति पुगेको नगरपालिकाको दाबी छ।

घटनामा संलग्न भएको आरोपमा औरही-८ का विनोद यादव, मनिशंकर यादव, मनिश यादव, मनिश दास, अशोक यादव, वीरिन साह, सन्तोष यादव र ट्र्याक्टर चालक मनोहर यादवको नाम नगरपालिकाले सार्वजनिक गरेको छ। तीमध्ये तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो। घटनामा संलग्न अन्य व्यक्तिको पहिचान तथा खोजी भइरहेको प्रहरीले जनाएको छ।

नगरपालिकाले केही व्यक्तिले मादक पदार्थ वा अन्य नशालु पदार्थ सेवन गरेको हुनसक्ने आशंका गर्दै नियन्त्रणमा लिइएकाहरूको परीक्षण गर्न प्रहरीसमक्ष आग्रह गरेको छ। तर, यसबारे स्वतन्त्र पुष्टि भइसकेको छैन। प्रहरीले घटनाको अनुसन्धानका क्रममा आरोप तथा घटनाको वास्तविक

*बाँकी पृष्ठ ३ मा*

# नगर प्रमुखमाथि कार्यकक्षमै हातपात: दोषीमाथि कारबाही गर्न जसपा नेपाल औरही नगर समितिको माग

**खबर दर्पण समाचारदाता**

**भदौ ३१ गते, बर्दिवास**

महोत्तरीको औरही नगर पालिकाका नगर प्रमुख प्रदीप कुमार खड्कामाथि उहाँकै कार्यकक्षभित्र हातपात एवम् कार्यालय तोडफोड भएको छ। बुधबार दिउँसो करिब ११:३० बजे कार्यकक्षमा प्रवेश गरेको एक उच्छृङ्खल समूहले हुलहुज्जत गर्दै नगर प्रमुख खड्का तथा कार्यरत कर्मचारीहरूमाथि कुटपिट र अमानवीय व्यवहार गर्नुका साथै कार्यालयका सामानहरू तोडफोड गरी क्षति पुऱ्याएको हो।

औरही नगरपालिका वडा नं. ८ का किसानहरूका लागि सिँचाई प्रयोजनार्थ जडान गर्न लागिएको ट्रान्सफर्मरको स्थान चयनलाई लिएर स्थानीय किसानहरूबीच मतभिन्नता रहेको थियो। अधिकतम किसानको खेतमा सिँचाई पुग्ने गरी उपयुक्त ठाउँमा ट्रान्सफर्मर जडान गर्न नगर प्रमुख खड्काले सरोकार वालाहरूसँग संवाद सुरु गरि सकेको अवस्थामा सो आक्रमण भएको जनाइएको छ।

### जसपा नेपालद्वारा तीव्र भर्त्सना

यसैबीच, जनता समाजवादी पार्टी (जसपा), नेपाल औरही नगर समितिले विज्ञप्ति जारी गर्दै उक्त घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। नगर अध्यक्ष दरेश यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा लोकतान्त्रिक व्यवस्थामा असहमतिहरूलाई संवाद र समझदारीबाट समाधान गर्ने विकल्प हुँदाहुँदै कानुन हातमा लिने काम भएको भन्दै आपत्ति जनाइएको छ।



नगर अध्यक्ष यादवले भन्नुभयो, "किसानहरूबीचको मतभिन्नता समाधान गर्न नगर प्रमुखले संवाद सुरु गरिसकेको अवस्थामा उहाँमाथि भएको प्रहारलाई सभ्य समाजले स्वीकार गर्न सक्दैन। लोकतन्त्रमा कानुनी राज्यको धज्जी उडाउने कसैलाई छुट छैन।"

विज्ञप्ति मार्फत जसपा नेपालले घटनामा संलग्न व्यक्तिहरूको तत्काल पहिचान गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न र भविष्यमा यस्ता घटना दोहोरिन नदिन जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् सार्वजनिक संस्थाको सुरक्षा प्रत्याभूति गराउन सम्बन्धित निकायसँग जोडदार माग गरेको छ।

# जलेश्वरमा तीन बालिका सम्पर्कविहीन

**खबर दर्पण समाचारदाता**

**भदौ ३१ गते, बर्दिवास**

महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-२ स्थित मदरसा सैईदा फातिमाबाट तीन जना बालिका सम्पर्कविहीन भएको समाचार सार्वजनिक भएपछि युवा गैरसरकारी संस्था महासंघ नेपाल, महोत्तरीका जिल्ला संयोजक आकाश कुमार साहले घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाएका छन्।

सञ्चारमाध्यममा प्रकाशित समाचारअनुसार ती तीन बालिका गत भदौ २५ गतेदेखि सम्पर्कविहीन रहेको र हालसम्म परिवारको सम्पर्कमा आउन नसकेको जनाइएको छ। पीडित परिवारले जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा खोजतलासका लागि निवेदनसमेत दिएको बताइएको छ। घटनाका सम्बन्धमा मदरसाका मौलवीमाथि परिवारजनले शंका व्यक्त गरेको भए पनि यसको सत्यतथ्य अनुसन्धानबाटै स्पष्ट हुनुपर्ने साहले बताएका छन्।

साहले यस घटनालाई अझ संवेदनशील बनाउने अर्को पक्षका रूपमा यसअघि नै सोही मदरसाको सञ्चालनसम्बन्धी विषयमा ध्यानाकर्षण गराइएको तथ्यसमेत उठाएका छन्। उनका अनुसार २०८२/०८/२२ गते हिन्दू सम्राट सेनाद्वारा जिल्ला प्रशासन कार्यालय, महोत्तरी समक्ष मदरसाको सञ्चालन तथा कानुनी अवस्थाबारे ध्यानाकर्षण गराइएको थियो। त्यसपछि सम्बन्धित निकायबाट अनुगमन भएको भनिए पनि अनुगमनपछि मदरसा कुन प्रक्रिया, निर्णय वा कानुनी आधारमा पुनः सञ्चालनमा

*बाँकी पृष्ठ ३ मा*

# लोककल्याणकारी विज्ञापनको रकम कटौती : प्रेसलाई कमजोर पार्ने सरकारी नीति कि नियन्त्रणको नयाँ रणनीति ?

रमेश कुमार बोहोरा

सरकारले स्वरोजगारमूलक छापा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि त्यसको प्रत्यक्ष असर केवल सञ्चार संस्थाको आम्दानीमा मात्र सीमित हुने देखिएको छैन । यसले प्रेसको आर्थिक आधार, पत्रकारको पेशागत सुरक्षा र नागरिकको सूचनाको अधिकारमाथि समेत गम्भीर प्रश्न खडा गरेको छ । सरकारले आर्थिक संकटबाट गुज्रिरहेका छापा माध्यमलाई राहत र संरक्षण दिनुपर्ने समयमा उल्टै उनीहरूको मुख्य आयस्रोतमा प्रहार गरेपछि नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले यसलाई सामान्य प्रशासनिक निर्णय नभई प्रेस स्वतन्त्रतासँग जोडिएको विषयका रूपमा लिएको छ ।

२०८३ भदौ ५ गते शुक्रबार सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूबीच असन्तुष्टि चुलिएको हो । त्यसको प्रतिवादमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सरकारलाई निर्णय तत्काल फिर्ता लिन चेतावनी दिँदै माग पूरा नभए चरणबद्ध आन्दोलनमा जाने घोषणा गरिसकेको छ। शाखाले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णयले विशेषगरी दैनिक, साप्ताहिक, पाक्षिक र मासिकलगायत साना लगानी तथा स्वरोजगारमूलक पत्रपत्रिकाको अस्तित्वमाथि नै संकट उत्पन्न गर्न सक्ने जनाएको छ ।

यसै विषयमा काठमाडौं शाखाले विभिन्न छापा माध्यमका सम्पादक तथा प्रकाशकसँग राय-सुझाव संकलन गरेपछि दामोदरप्रसाद दवाडीको संयोजकत्वमा 'छापा माध्यम बचाउ सुझाव कार्यदल' गठन गरेको थियो । कार्यदलमा डा. केशव देवकोटा, टंक कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी , देवेन्द्र चुडाल र कल्पना खड्का सदस्य रहेका छन् । कार्यदलले गरेको अध्ययन, छलफल र प्राप्त सुझावका आधारमा सरकारको निर्णय सच्याउन दबाब दिने मात्र होइन, आवश्यक परे आन्दोलनमा जाने स्पष्ट खाका अघि सारेको छ ।

कार्यदलको निष्कर्षमा सबैभन्दा महत्वपूर्ण माग लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि २०८३ मा गरिएको पहिलो संशोधन पूर्ण रूपमा खारेज गर्नुपर्ने रहेको छ । कार्यदलले समय, बजार मूल्य, मुद्रण लागत, कागज तथा वितरण खर्चलगायतका आधारमा लोककल्याणकारी विज्ञापनको रकम कटौती होइन, बरु समयअनुकूल पुनरावलोकन गरी दोब्बर गर्नुपर्ने माग अघि सारेको छ । यसले सरकारको वर्तमान नीतिमाथि एउटा आधारभूत प्रश्न उठाएको छ । छापा माध्यमको लागत निरन्तर बढिरहेका बेला राज्यले दिने संस्थागत सहयोग घटाउनुको औचित्य के हो ?

लोककल्याणकारी विज्ञापनलाई सरकारले कुनै राजनीतिक दल, मन्त्री वा सरकारको व्यक्तिगत कृपाजस्तो व्यवहार गर्नु नै समस्या भएको सञ्चार क्षेत्रको निष्कर्ष छ । सार्वजनिक सूचना नागरिक सम्म पुऱ्याउने काम राज्यको दायित्व हो । त्यसका लागि सञ्चार माध्यमले आफ्नो पूर्वाधार, जनशक्ति, सम्पादकीय संयन्त्र र वितरण प्रणाली प्रयोग गर्छन् । त्यसैले सार्वजनिक सूचना प्रकाशन गरेबापत राज्यले उपलब्ध गराउने रकमलाई 'अनुदान' वा 'कृपा'को भाषामा बुझ्नु नै गलत हुने ।

अझ गम्भीर प्रश्न त के हो भने सरकारका नीति र निर्णयमाथि प्रश्न उठाउने, आलोचना गर्ने र नागरिकका पक्षमा खबरदारी गर्ने सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने नीति कतै अप्रत्यक्ष नियन्त्रणको माध्यम त बनिरहेको छैन ?काठमाडौं शाखाको आरोप छ । सरकारले सञ्चारमाध्यमलाई संरक्षण र प्रोत्साहन गर्नुपर्ने अवस्थामा उल्टै आर्थिक संकट थप गहिरो बनाउने निर्णय गरेको छ । विशेषगरी ठूला व्यावसायिक घराना वा पर्याप्त वैकल्पिक आम्दानी भएका सञ्चारगृहभन्दा सीमित लगानी, आफ्नै श्रम र पेशागत प्रतिबद्धताका आधारमा सञ्चालित पत्रपत्रिकामाथि यसको असर बढी पर्न सक्छ । एउटा साप्ताहिक वा पाक्षिक पत्रिका बन्द हुनु केवल एउटा पत्रिका बन्द हुनु होइन, त्यससँग जोडिएका पत्रकार, कर्मचारी, वितरक, मुद्रक र पाठकको सूचना पहुँचमा समेत असर पर्नु हो ।

यही वास्तविकतालाई ध्यानमा राख्दै कार्यदलले संशोधित कार्यविधि खारेज नभएसम्म कटौती गरिएको रकमअनुसार छापा माध्यमले बिल नबुझाउने वातावरण बनाउन नेपाल पत्रकार महासंघ केन्द्रीय समितिलाई आग्रह गर्ने सुझाव दिएको छ । महासंघले देशभरका छापा माध्यमसँग समन्वय गरी सामूहिक दबाब सिर्जना गर्नुपर्ने कार्यदलको निष्कर्ष छ ।

कार्यदलले विज्ञापन बोर्डको भूमिकामाथि समेत प्रश्न उठाएको छ। सञ्चारमाध्यमलाई विज्ञापन बोर्डमा सूचीकरण गराउने व्यवस्था तत्काल हटाउनुपर्ने तथा लोककल्याणकारीलगायत सम्पूर्ण विज्ञापनबाट बोर्डले कटाउँदै आएको ३ प्रतिशत रकम खारेज गर्नुपर्ने माग अघि सारिएको छ। सञ्चारमाध्यमको आर्थिक अवस्था कमजोर भइरहेका बेला विज्ञापनको रकमबाट थप प्रशासनिक कटौती गर्नुको औचित्यमाथि कार्यदलले प्रश्न उठाएको हो ।

त्यस्तै राष्ट्रिय समाचार समिति (रासस) बाट प्रकाशित समाचार बुलेटिनको मूल्यमा गरिएको ठूलो वृद्धि पनि छापा माध्यमका लागि अर्को आर्थिक भार बनेको कार्यदलको ठहर छ। समाचार सामग्री सञ्चारमाध्यमलाई न्यूनतम र व्यवहारिक मूल्यमा समाचार बुलेटिन उपलब्ध गराउनुपर्ने माग कार्यदलले अघि सारेको छ । राज्यका सञ्चार संरचनाले नै निजी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई अतिरिक्त आर्थिक बोझ थप्ने हो भने सञ्चार क्षेत्रको संरक्षणसम्बन्धी सरकारी प्रतिबद्धता कागजमै सीमित हुने देखिन्छ ।

सरकारको सञ्चार नीति र व्यवहारबीचको विरोधाभास पनि यहीँ देखिन्छ । एकातिर सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्छ, अर्कोतिर सरकारी विज्ञापन तथा सार्वजनिक सूचनामा निजी क्षेत्रका सञ्चारमाध्यमलाई निषेध गर्ने प्रयास हुन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवस्तरीय निर्णयमार्फत निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट निषेध गर्ने प्रयास सर्वोच्च अदालतबाट खारेज भइसकेको अवस्थामा त्यसको मर्मविपरीत कार्यविधि संशोधनमार्फत अप्रत्यक्ष बन्देज लगाउने प्रयास स्वीकार्य नहुने कार्यदलको निष्कर्ष छ ।

अदालतको आदेशपछि पनि नीतिगत बाटोबाट त्यही उद्देश्य प्राप्त गर्न खोजिन्छ भने त्यो लोकतान्त्रिक शासन व्यवस्थाका लागि गम्भीर प्रश्न हो। प्रशासनिक निर्णय बदलेर अदालतको आदेशको भावनालाई निष्प्रभावी बनाउने अभ्यास लोकतान्त्रिक शासन प्रणालीको मूल मर्मसँग मेल खाँदैन । सरकार सञ्चारमाध्यमप्रति जवाफदेही हुनुपर्ने हो, सञ्चारमाध्यमलाई आफ्नो नियन्त्रणमा राख्ने होइन ।

सरकारी विज्ञापन वितरणमा देखिएको अर्को समस्या विभेद र अपारदर्शिता हो। कार्यदलले समानुपातिक विज्ञापन प्रणाली लागू गर्नुपर्ने माग गरेको छ। सञ्चारमाध्यमको पहुँच, लगानी, प्रसार , प्रकाशनको नियमितता र अन्य वस्तुगत आधारलाई ध्यानमा र ाखेर पारदर्शी मापदण्ड बनाउन सकिने भए पनि राजनीतिक पहुँच, निकटता वा प्रशासनिक निर्णयका आधारमा विज्ञापन वितरण हुने अवस्था अन्त्य गर्नुपर्ने आवाज उठेको छ ।

लोककल्याणकारी विज्ञापनको रकम कटौतीको विरोधमा काठमाडौं शाखाले तत्काल आन्दोलनमा जानेभन्दा पहिले संवाद र दबाबको बाटो अपनाउने रणनीति अघि सारेको छ। कार्यदलले सूचना तथा सञ्चार मन्त्रीलाई निश्चित समयसीमा तोकेर ज्ञापनपत्र बुझाउने, सम्बन्धित सरकारी निकाय र राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्ने तथा माग सम्बोधनका लागि दबाब सिर्जना गर्ने सुझाव दिएको छ। त्यसबाट पनि समस्या समाधान नभए विज्ञापन बोर्डमा तालाबन्दीलगायत भौतिक आन्दोलनका कार्यक्रम अघि बढाउनुपर्ने प्रस्ताव गरिएको छ ।

यो रणनीतिले सरकारलाई एउटा स्पष्ट सन्देश दिएको छ। सञ्चार क्षेत्र अब आफ्नो अस्तित्वमाथि हुने आर्थिक प्रहारलाई सामान्य प्रशासनिक निर्णयका रूपमा स्वीकार गर्ने अवस्थामा छैन । लामो समयदेखि आर्थिक संकट झेलिरहेका सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन धेरै अवस्थामा नियमित प्रकाशनलाई निरन्तरता दिने आधार बनेको छ । त्यसमा कटौती हुँदा मुद्रण, कागज, कर्मचारी पारिश्रमिक, वितरण तथा कार्यालय सञ्चालनको खर्च धान्न कठिन हुने जोखिम बढ्छ ।

यसको प्रत्यक्ष असर पत्रकारको रोजगारीमा पर्न सक्छ । सञ्चार संस्था आर्थिक रूपमा कमजोर भएपछि पहिलो असर जनशक्ति कटौतीमा पर्न सक्छ। त्यसपछि प्रकाशनको नियमितता प्रभावित हुन्छ, पृष्ठ संख्या घट्छ, पारिश्रमिक रोकिन सक्छ र अन्ततः संस्था बन्द हुने अवस्था आउन सक्छ। त्यसैले लोककल्याणकारी विज्ञापनको रकम कटौतीलाई केवल 'विज्ञापनको रकम घटेको' विषयका रूपमा हेर्नु वास्तविक समस्याबाट भाग्नु हो ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सरकारलाई दिएको चेतावनी पनि यही कारण अर्थपूर्ण छ । शाखाले निर्णय नसच्याए

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरही नगर प्रमुखकै .....

अवस्थाबारे आवश्यक परीक्षण गर्ने जनाएको छ।

घटनापछि बसेको नगर कार्यपालिकाको बैठकले कार्यालयमा भएको तोडफोड, हुलहुज्जत र जनप्रतिनिधि तथा कर्मचारीमाथि भएको भनिएको दुर्व्यवहारको भर्त्सना गरेको छ। बैठकले घटनामा संलग्न व्यक्तिमाथि कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने, सार्वजनिक सम्पत्तिमा भएको क्षतिको विवरण तयार गर्ने तथा जनप्रतिनिधि र कर्मचारीको सुरक्षालाई प्राथमिकतामा राख्ने निर्णय गरेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले अत्यावश्यकबाहेकका सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गर्ने निर्णयसमेत गरेको छ। कार्यालयमा काम गर्न आउने सेवाग्राही र कर्मचारीको सुरक्षासमेत प्रभावित हुनसक्ने अवस्था देखिएपछि यस्तो निर्णय गरिएको नगरपालिकाको भनाइ छ।

नगर प्रमुख खड्काले घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न माग गर्नुभएको छ। उहाँले सार्वजनिक सम्पत्तिमा भएको क्षतिको यथार्थ मूल्याङ्कन गरी क्षतिपूर्ति असुल गर्नसमेत माग गर्नुभएको छ।

यसैबीच घटनाप्रति छिमेकी गौशाला नगरपालिकाले ऐक्यबद्धता जनाएको छ। गौशाला नगरपालिकाका नगर प्रमुख डा. दीपेन्द्र महतोद्वारा जारी विज्ञप्तिमा बुधबार करिब ११:३० बजे ५०-६० जनाको समूह औरही नगर प्रमुखको कार्यकक्षमा प्रवेश गरी हुलहुज्जत तथा हातपातमा संलग्न भएको र कार्यालय परिसरमा तोडफोड गरिएको उल्लेख छ।

गौशाला नगरपालिकाले जनप्रतिनिधि तथा कर्मचारीले भयमुक्त वातावरणमा काम गर्न पाउने अवस्था सुनिश्चित गर्न स्थानीय प्रशासन र नेपाल सरकारसँग आग्रह गरेको छ। घटनामा संलग्न व्यक्तिको शीघ्र पहिचान गरी कानुनबमोजिम कारबाही गर्नसमेत माग गरिएको छ।

नगरपालिकामा सेवा लिन आउने नागरिकका गुनासा र माग सम्बोधन गर्ने वैधानिक संयन्त्र हुँदाहुँदै कार्यालयमै प्रवेश गरी तोडफोड तथा जनप्रतिनिधिमाथि हातपातको प्रयास भएको घटनाले स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीको सुरक्षा तथा सेवा प्रवाहको वातावरणमाथि प्रश्न उठाएको छ। विवाद समाधानका लागि संवाद र कानुनी प्रक्रियाको विकल्प हुँदाहुँदै बल प्रयोग र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने गतिविधिले सर्वसाधारणको सेवा नै प्रभावित भएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सुचना अधिकारी प्रहरी निरिक्षक विश्वम्भर नाथ साहले घटनामा संलग्न आरोपमा औरही नगरपालिका ८ टिम्कियाका ३० वर्षीय राम बाबु दास, २४ वर्षीय अजय कुमार साह र राजेश कुमार साहलाई पक्राउ गरिको बताउनुभयो। यसबारे उजुरी आए पछि थप अनुसन्धान प्रक्रिया अघि बढाउने बताउनुभयो।

# लोककल्याणकारी विज्ञापनको रकम .....

देशभरका पत्रकार, सम्पादक, प्रकाशक, सञ्चारमाध्यम तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर संघ-संस्थासँग समन्वय र सहकार्य गरी चरणबद्ध तथा सशक्त आन्दोलन सञ्चालन गर्ने जनाएको छ। आन्दोलनबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सरकार स्वयंले लिनुपर्ने चेतावनीसमेत दिइएको छ।

अब सरकारसामु दुई विकल्प छन् । पहिलो–सञ्चार क्षेत्रबाट उठेको गम्भीर आवाजलाई बेवास्ता गर्दै कटौतीको निर्णय कार्यान्वयन गर्ने र त्यसबाट उत्पन्न हुने असन्तुष्टिलाई आन्दोलनका रूपमा सामना गर्ने । दोस्रो–निर्णय पुनरावलोकन गरी संवादमार्फत समस्या समाधान गर्ने र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई बचाउने दीर्घकालीन नीति बनाउने । लोकतान्त्रिक सरकारका लागि दोस्रो विकल्प नै स्वाभाविक र जिम्मेवार विकल्प हो ।

सरकारले बुझ्नुपर्ने कुरा के हो भने प्रेसलाई आर्थिक रूपमा कमजोर बनाएर राज्य बलियो हुँदैन । आलोचनात्मक आवाज दबाएर लोकतन्त्र बलियो हुँदैन । सरकारी विज्ञापनलाई नियन्त्रणको औजार बनाएर नागरिकको सूचनाको अधिकार सुरक्षित हुँदैन । बरु स्वतन्त्र, सबल र आर्थिक रूपमा टिकाउ सञ्चारमाध्यम लोकतन्त्रको सुरक्षाकवच हुन् ।

त्यसैले अहिलेको प्रश्न केवल लोककल्याणकारी विज्ञापनको केही रकम घटाउने वा नघटाउने भन्ने होइन । प्रश्न राज्यले स्वतन्त्र प्रेसलाई साझेदारका रूपमा हेर्छ कि नियन्त्रण गर्नुपर्ने क्षेत्रका रूपमा ? प्रश्न सरकार नागरिकलाई सूचना दिने सञ्चारमाध्यमको संरक्षण गर्न चाहन्छ कि आर्थिक रूपमा कमजोर बनाएर उसको प्रभाव सीमित गर्न चाहन्छ ? र सबैभन्दा महत्वपूर्ण प्रश्न लोकतन्त्रको चौथो अंगलाई बलियो बनाउने कि सरकारी निर्णयको विरोध गर्न नसक्ने आर्थिक रूपमा निर्भर प्रेस निर्माण गर्ने ? यी प्रश्नको जवाफ सरकारले व्यवहारबाट दिनुपर्ने समय आएको छ ।

लोककल्याणकारी विज्ञापन कुनै सरकारको दया होइन । यो सार्वजनिक सूचना प्रवाह गर्ने सञ्चारमाध्यमको संस्थागत भूमिकाप्रति राज्यको दायित्व हो । त्यसैले कटौती गरिएको रकम फिर्ता गर्नु मात्र पर्याप्त हुँदैन । कार्यविधि पुनरावलोकन गरी समयअनुकूल विज्ञापन रकम वृद्धि गर्नुपर्ने, समानुपातिक र पारदर्शी विज्ञापन प्रणाली लागू गर्नुपर्ने, विज्ञापन बोर्डको ३ प्रतिशत कटौती अन्त्य गर्नुपर्ने, निजी सञ्चारमाध्यमलाई सरकारी सूचनाबाट निषेध गर्ने कुनै पनि अप्रत्यक्ष नीति रोक्नुपर्ने र राससको बुलेटिन शुल्कलाई व्यवहारिक बनाउनुपर्ने आवश्यकता छ । सरकारले अझै पनि समयमै संवाद र समाधानको बाटो रोज्न सक्छ । अन्यथा आज लोककल्याणकारी विज्ञापनको रकमबाट सुरु भएको असन्तुष्टि भोलि प्रेस स्वतन्त्रता, पत्रकारको रोजगारी र नागरिकको सूचनाको अधिकारको व्यापक आन्दोलनमा परिणत हुन सक्छ ।

सञ्चारमाध्यमलाई कमजोर पारेर सत्ता बलियो बनाउन खोज्ने कुनै पनि नीति अन्ततः लोकतन्त्रकै लागि महँगो साबित हुन्छ । त्यसैले सरकार तत्काल निर्णय फिर्ता लेओस्, संशोधित कार्यविधि खारेज गरोस् र छापा माध्यम बचाउने दीर्घकालीन नीति अघि सारोस् । अन्यथा सरकारको यो निर्णय इतिहासमा केवल एउटा विज्ञापनको रकम कटौतीको निर्णयका रूपमा होइन, स्वतन्त्र प्रेसको आर्थिक आधार कमजोर पार्ने विवादास्पद नीतिका रूपमा दर्ज हुन सक्नेछ ।

**- लेखक नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ ।**

# जलेश्वरमा तीन बालिका ..............

आयो भन्ने विषयमा स्पष्टता आवश्यक रहेको साहको भनाइ छ।

साहले भनेका छन्, “तीनै जना बालिका हाम्रा चेलीबेटी तथा नेपाली बालबालिका हुन्। उनीहरू कहाँ छन् र कस्तो अवस्थामा छन् भन्ने चिन्ता परिवारको मात्र नभई सम्पूर्ण समाजको विषय हो। सम्बन्धित निकायले अविलम्ब खोजतलास गरी छिटोभन्दा छिटो सुरक्षित अवस्थामा फेला पार्नुपर्छ।”

नेपालको संविधानको धारा ३९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको हक, संरक्षण तथा सर्वोत्तम हितलाई प्राथमिकता दिइएको उल्लेख गर्दै साहले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जलेश्वर नगरपालिका तथा सम्बन्धित बाल संरक्षण निकायहरूको ध्यानाकर्षण गराएका छन्।

उनले तीन बालिकाको तत्काल खोजतलास तथा सुरक्षित उद्धार सँगै घटनाको निष्पक्ष र तथ्यपरक अनुसन्धान गर्न र यसअघि भएको अनुगमन, त्यसका निर्देशन तथा त्यसपछि मदरसा सञ्चालन भएको सम्पूर्ण प्रक्रिया र कानुनी आधारसमेत छानबिन गर्न माग गरेका छन्। अनुसन्धानबाट कसुर पुष्टि भएमा प्रमाणका आधारमा सम्बन्धित व्यक्तिमाथि प्रचलित कानुनबमोजिम कारबाही हुनुपर्ने उनको भनाइ छ।

यसअघि पूर्व जलेश्वर नगर बाल सञ्जालका अध्यक्षसमेत रहेका र वर्तमानमा युवा गैर सरकारी संस्था महासंघ नेपाल, महोत्तरीका जिल्ला संयोजक रहेका आकाश कुमार साहले बालबालिका तथा सार्वजनिक सरोकारका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएका छन्।

साहको मुख्य माग तीनै बालिकाको तत्काल खोजतलास गरी उनीहरूलाई सुरक्षित रूपमा परिवारमा फर्काउने र घटनाको सत्यतथ्य सार्वजनिक गर्ने रहेको छ।



# गौशालाका विद्यालयमा अब पाँच दिन मात्र पठनपाठन

**खबर दर्पण समाचारदाता**

**भदौ ३१ गते, वर्दिवास**

महोत्तरीको गौशाला नगर पालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयमा अब सातामा पाँच दिन मात्र पठनपाठन हुने भएको छ। नगर कार्यपालिकाको बुधबार बसेको बैठकले विद्यालय सञ्चालनसम्बन्धी नयाँ व्यवस्था गर्दै आगामी असोज १ गतेदेखि शनिबार र आइतबार गरी सातामा दुई दिन बिदा दिने निर्णय गरेको हो।

नगरपालिकाका अनुसार हालसम्म आइतबारदेखि शुक्रबारसम्म छ दिन सञ्चालन हुँदै आएका विद्यालय अब सोमबारदेखि शुक्रबारसम्म पाँच दिन मात्र सञ्चालन हुनेछन्। विद्यालयको कार्यदिन, कार्यघण्टा तथा पाठ्यभारलाई नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८२ चैत २५ गते जारी गरेको परिपत्रअनुसार समायोजन गरी नयाँ व्यवस्था कार्यान्वयन गर्न लागिएको हो। नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विपिन आचार्यद्वारा जारी सूचनामा नगर क्षेत्रभित्रका सबै सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयले नयाँ व्यवस्थाअनुसार विद्यालय सञ्चालन गर्नुपर्ने उल्लेख छ।

नयाँ व्यवस्थाअनुसार सोमबार देखि शुक्रबारसम्म नियमित पठनपाठन हुनेछ भने शनिबार र आइतबार विद्यालय बन्द रहनेछन्। यसअघि विद्यालयहरू आइतबारदेखि शुक्रबारसम्म सञ्चालन हुँदै आएका थिए।

नगरपालिकाले विद्यालय सञ्चालनका दिन घटाए पनि तोकिएको पाठ्यभार र कार्यघण्टामा असर नपर्ने गरी आवश्यक समायोजन गर्नुपर्ने जनाएको छ। मन्त्रालयको परिपत्रअनुसार विद्यालयको शैक्षिक गतिविधि सञ्चालन तथा कार्यघण्टा व्यवस्थापन गर्नुपर्ने भएकाले पाँचदिने विद्यालय प्रणाली लागू गर्न लागिएको नगरपालिकाले जनाएको छ।



विद्यालय सञ्चालनसम्बन्धी यो निर्णय विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले गरिएको नगरपालिकाको सूचनामा उल्लेख छ। नयाँ व्यवस्थाबाट विद्यालयको पठनपाठनलाई थप व्यवस्थित बनाउँदै उपलब्ध कार्यदिन र कार्यघण्टाको प्रभावकारी उपयोग गर्ने अपेक्षा गरिएको छ।

नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सबै विद्यालयलाई निर्णय अनिवार्य रूपमा कार्यान्वयन गर्न निर्देशन दिएको छ। नयाँ शैक्षिक व्यवस्थाअनुसार विद्यालयको साप्ताहिक कार्यतालिका, पठनपाठनको समय र पाठ्यभार व्यवस्थापन गर्न सम्बन्धित विद्यालयलाई समेत आग्रह गरिएको छ।

नगरपालिकाको निर्णयसँगै असोज १ गतेदेखि गौशाला नगर पालिकाका विद्यालयमा सातामा दुई दिन बिदा र पाँच दिन पठनपाठन हुने व्यवस्था औपचारिक रूपमा कार्यान्वयनमा आउनेछ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं
❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।
सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार
मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा

सर्पको टोकाइबाट बचौं र बचाऔं
❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
❖ झुल लगाएर खाटमा सुत्ने गरौं।
धनुषाधाम नगरपालिका, धनुषा

सचेत उपभोक्ता बनौं
सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः
❖ उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
❖ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
❖ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
❖ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
❖ वस्तुको अधिकतम् बिक्री मूल्य,
❖ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
❖ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।
सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं
रामगोपालपुर नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ्य शहर
❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
❖ सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।
शहरलाई सफा राखौः सुन्दर बनाऔं।
गौशाला नगरपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
२४ सै घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको स्पेनेट व्यवस्था भएको
बिभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा


शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,